जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः ३१३ पृष्ठः ४ | २०८२ चैत्र २६ बिहीबार (Thursday 09 April 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजार मेयर गोल्डकपमा चात्यसा क्लब झापाको शानदार प्रदर्शन, विराटनगरमाथि ५–१ को जित




सिरहा, २५ चैत्र। सिरहाको गोलबजार नगरपालिकाद्वारा आयोजित नवौं गोलबजार मेयर गोल्डकप फुटबल प्रतियोगिताको तेस्रो दिनको खेलमा झापाको चात्यसा फुटबल क्लबले प्रभावशाली प्रदर्शन गर्दै विराटनगरमाथि ५–१ गोलको शानदार जित दर्ता गरेको छ। खेलको सुरुवातदेखि नै आक्रामक देखिएको चात्यसाले पहिलो हाफमै ४ गोल गर्दै खेल आफ्नो पक्षमा पार्न सफल भयो। दोस्रो हाफमा थप १ गोल गर्दै झापाले कुल ५ गोल पुऱ्यायो। जवाफमा विराटनगरले खेलको अन्तिम समयमा मात्र १ गोल फर्काउन सके पनि हार टार्न सकेन।

चात्यसाका लागि जर्सी नम्बर ६ का शिशिर लेखीले पहिलो गोल गरेका थिए। त्यसपछि जर्सी नम्बर २१ का मन्जेश ढकालले दोस्रो गोल थपे। जर्सी नम्बर १० का रिचर्डले उत्कृष्ट प्रदर्शन गर्दै २ गोल गरे भने जर्सी नम्बर ८ का विशाल घलानले अर्को १ गोल गर्दै टोलीको जित सुनिश्चित गरे। विराटनगरका लागि जर्सी नम्बर ११ का चिरन राना मगर लामाले सान्त्वना गोल गरे।

उत्कृष्ट प्रदर्शन गरेका झापाका जर्सी नम्बर ८ का विशाल घलान 'म्यान अफ द म्याच' घोषित भए। उनलाई उक्त पुरस्कार गोलबजार नगरपालिका–६ का अध्यक्ष तथा नगर प्रवक्ता संजित लामाले प्रदान गरेका थिए। आयोजकका अनुसार प्रतियोगिताअन्तर्गत भोलिको खेल उदयपुरको कटारी र गोलबजार युनाइटेड क्लब सिरहाबीच दिउँसो २ बजे हुने तय गरिएको छ।

गोलबजार नगरपालिका–२ गुरुधामस्थित खेलग्राममा सञ्चालन भइरहेको प्रतियोगितामा देशका विभिन्न स्थानबाट ८ टोलीको सहभागिता रहेको छ। प्रतियोगिताको विजेताले नगद रु. ४ लाख ४४ हजार ४४४ सहित ट्रफी

–बाँकी तीन पेजमा

## लक्ष्मीनारायण मठका महन्थ जगन्नाथ दास वैष्णव पक्राउ

**सुभाष कर्ण**

जनकपुरधाम, २५ चैत्र। महोत्तरीको मटिहानीस्थित लक्ष्मीनारायण मठका मान महन्थ जगन्नाथ दास वैष्णवलाई पक्राउ परेका छन्। बुधबार प्रहरीले बैंकिङ कसूरमा महन्थ वैष्णवलाई पक्राउ गरेको हो। धनुषाका दीपेन्द्र ठाकुरले दिएको जाहेरीका आधारमा महन्थ वैष्णवलाई अनुसन्धान प्रक्रिया अघि बढाउन नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीले जनाएको छ।

प्रारम्भिक अनुसन्धानबाट उनीमाथि करिब एक करोड ३० लाख रुपैयाँ बराबरको आर्थिक अनियमितता तथा बैंकिङ कसुरमा संलग्नता रहेको देखिएको प्रहरीले जनाएको छ। बैंकिङ कसुर मुद्दामा फरार रहेका महन्थ वैष्णवलाई



बुधवार प्रहरी टोलीले मटिहानी नगरपालिका–७ स्थित उनको निवासबाट नियन्त्रणमा लिएको हो।

थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाउन वैष्णवलाई जिल्ला प्रहरी कार्यालय, धनुषा पठाइएको महोत्तरी प्रहरीले जनाएको छ। वैष्णवविरुद्ध वित्तीय कारोबारमा अनियमितता, विश्वासघात तथा बैंकिङ प्रणालीको

–बाँकी तीन पेजमा

## थोरै तर इमान्दार कार्यकर्तासहित कांग्रेस अघि बढ्छ : सभापति थापा

**लक्ष्मी चौधरी**

जनकपुरधाम, २५ चैत्र। नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीले अब क्रियाशील सदस्यको भीडभन्दा गुणस्तरीय र प्रतिबद्ध कार्यकर्तामा जोड दिने बताउनुभएको छ। बुधबार जनकपुरधाममा आयोजित कांग्रेसको मधेश प्रदेश स्तरीय निर्वाचन समीक्षा कार्यक्रममा सम्बोधन गर्दै सभापति थापाले पार्टीभित्र शुद्धिकरण अभियान सञ्चालन गर्दै थोरै भए पनि इमानदार र जिम्मेवार कार्यकर्ताको बलमा कांग्रेसलाई अगाडि बढाइने प्रतिबद्धता व्यक्त गर्नुभयो। "संख्याभन्दा गुणस्तर महत्वपूर्ण हो," भन्दै उहाँले पार्टीलाई मजबुत बनाउन निष्ठावान् कार्यकर्ताको भूमिका निर्णायक हुने उल्लेख गर्नुभयो।



उहाँले आगामी दिनमा संगठन सुदृढीकरण, आन्तरिक अनुशासन र नीति–सिद्धान्तमा आधारित राजनीति अघि बढाइने स्पष्ट पार्दै पार्टीलाई एकताबद्ध र प्रभावकारी बनाउँदै देशभर नयाँ ऊर्जा सिर्जना गरिने बताउनुभयो। कांग्रेसलाई जनतासँग अझ नजिक बनाउँदै विश्वास जित्ने दिशामा अघि बढ्ने उहाँको भनाइ छ। सभापति थापाका अनुसार वैशाख १ गतेदेखि क्रियाशील सदस्यताको अध्यावधिक प्रक्रिया सुरु गरिनेछ र त्यसपछि देशव्यापी रूपमा शुद्धिकरण अभियान अघि बढाइनेछ। "दश लाखभन्दा बढी सदस्य संख्या भन्दा बरु एक लाख प्रतिबद्ध सदस्य भए पुग्छ," उहाँले भन्नुभयो, "क्रियाशीलको भारी बोकेर हिँड्ने होइन, गुणस्तरमा ध्यान दिने हो।"

उहाँले १५ औं महाधिवेशन सफल बनाउने जिम्मेवारी आफूले लिने बताउँदै पार्टीलाई एकताबद्ध रूपमा अघि बढाइने धारणा राख्नुभयो। साथै, प्रदेश तथा स्थानीय सरकारको कार्यसम्पादन, संविधान संशोधन र शासकीय

–बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

**सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं।**

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं।

**विविधतामा एकता, सद्भाव र सहिष्णुता।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## लोकतन्त्रतर्फको यात्रा चुनौतीपूर्ण

विश्व लोकतन्त्रको अवस्थाबारे बर्सेनि इकोनिमिस्ट इन्टेलिजेन्स युनिटले तयार गर्ने सूचकांकमा नेपालको स्थानमा भने केही वर्षदेखि नै खासै सुधार भएको छैन। सूचकांकअनुसार विश्व लोकतन्त्र पूर्णरूपमा ओरालो नलागेको भए पनि सुधारको गति भने असमान रहेको छ। नेपाल पनि विगत केही वर्षदेखि "ठिमाहा शासन" वर्गमै अड्किएको देखिन्छ। सूचकांकमा पूर्ण र अपूर्ण लोकतन्त्र, छासमिसे अर्थात् ठिमाहा तथा अधिनायकवादी शासन गरी ४ वर्गमा विभाजित गरिएको छ।

लोकतान्त्रिक सूचकांक तयार गर्दा निर्वाचन प्रक्रिया र बहुलवाद, सरकारको कार्यसम्पादन राजनीतिक सहभागिता, राजनीतिक संस्कृति, नागरिक स्वतन्त्रताजस्ता आधारको अवस्थाअनुरूप मूल्याङ्कन गरिन्छ। यिनै आधारमा नर्वे, न्युजिल्यान्ड पूर्ण लोकतन्त्रमा अगाडि र अधिनायकवादी शासनमा अफगानिस्तान, म्यानमार सबैभन्दा खराब शासनका रूपमा केही वर्षदेखि नै रहिआएका छन्। पछिल्ला केही वर्षको तथ्यांकमा नेपाल न नाटकीयरूपमा पछाडि धकेलिएको छ न उल्लेखनीय रूपमा अघि बढेको नै छ। सूचकांकको १० अङ्कमध्ये करिब ५ को हाराहारीमा अड्किएको प्राप्ताङ्क र विश्व क्रमसंख्यामा रहेको मध्यम स्थानले नेपाल गतिहीन असस्थामा रहेको देखिन्छ। लोकतन्त्रको सूचक स्थिर देखिनु स्थायित्वको संकेतजस्तो देखिए पनि यथार्थमा गुणस्तरमा सुधार नभएको लक्षण हो।

विश्वका कतिपय अधिनायकवादी शासन भएको मुलुकका तुलनामा नेपालले प्राप्त गरेका उपलब्धिहरूलाई मामुली भन्न मिल्दैन। नेपालको संविधान लागु भएको दश वर्षमा यसपटकको प्रतिनिधि सभाको निर्वाचनलाई अपवाद मान्ने हो भने नियमित निर्वाचन, संघीय संरचनाको कार्यान्वयन, बहुदलीय प्रतिस्पर्धा, र सक्रिय नागरिक सहभागिताजस्ता लोकतन्त्रका आधारस्तम्भ नेपालमा देखिएका छन्। सम्भवतः यिनै कारणले नेपाललाई अधिनायकवादतर्फ फर्नबाट जोगाएका हुन्। अर्थात, नेपालमा अहिलेसम्म लोकतन्त्रको आधार सुरक्षित छ।

तर, लोकतन्त्रको गुणस्तरको निर्धारण आवधिक निर्वाचनबाट मात्रै हुँदैन। सरकारको कार्यक्षमता कमजोर हुनु, नीतिगत निर्णयहरू कार्यान्वयनमा ढिलाइ, बारम्बारको सत्ता परिवर्तन र संस्थाहरूमा बढ्दो राजनीतिक हस्तक्षेप आदि सबैले लोकतन्त्रको वास्तविक अभ्यासलाई कमजोर बनाइरहेका छन्। भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी प्रगति नहुनु र कानुनको असमान कार्यान्वयनले पनि जनविश्वास कमजोर बनाएको देखिन्छ।

भौगोलिक अवस्थितिअनुसार भारत र चीनको बीचमा रहेको नेपालका लागि वैयक्तिक स्वतन्त्रता जोगाउने तर संस्थागत क्षमता बलियो बनाउने कार्य निकै चुनौतीपूर्ण हुनसक्छ। विश्वका अग्रणी लोकतन्त्रहरू नर्वे, न्युजिल्यान्ड लगायतलाई हेर्ने हो भने लोकतन्त्रको सफलता बलियो संस्था, पारदर्शी शासन, न्यून भ्रष्टाचार, र उच्च नागरिक विश्वासमा निर्भर हुने देखिन्छ। तिनमा शासनको प्रत्येक तहमा उत्तरदायित्व सुनिश्चित गरिएको हुन्छ। नेपाल र कतिपय अवस्थामा भारतमा समेत त्यसको अभाव हुन्छ। यति लामो संघर्ष र बलिदानपछि अब नेपाल कुनै पनि अवस्थामा अधिनायकवादी बाटामा फर्कन सक्तैन। यसैले अझ उन्नत र भरपर्दो संघीय लोकतान्त्रिक गणतन्त्र नै नेपालको एकमात्र गन्तव्य हो। यसका लागि बाटो स्पष्ट छ तर सजिलो छैन। अर्थात्, पूर्ण लोकतन्त्रतर्फको यात्रामा गन्तव्य स्पष्ट छ भने मार्ग निकै चुनौतीपूर्ण छ। नेपालका लोकतान्त्रिक आधारहरूमध्ये सबैभन्दा पहिले विधिको शासनमाथि प्रहार हुनेगरेको देखिएको छ। यसैले पहिले विधिको शासनलाई अक्षर र भावना दुवैअनुरूप कडाइका साथ चरितार्थ गर्नुपर्छ। कानुन सबैका लागि समानरूपमा लागु भएमात्र पनि यसमा धेरै सुधार हुनेछ। दोस्रो, संवैधानिक निकायहरूलाई राजनीतिक प्रभावबाट मुक्त राखेर संस्थागत स्वतन्त्रता सुनिश्चित गर्नुपर्छ।

यसैगरी भ्रष्टाचार नियन्त्रणमा परिणाममुखी कदम चाल्नुपर्छ। अहिलेसम्मको नारामा बढी जोड दिने अभ्यासविपरीत व्यवहारमै भ्रष्टाचार नियन्त्रमा गम्भीर। चौथो, राजनीतिक नेतृत्वले अल्पकालीन सत्ता स्वार्थभन्दा देशको दीर्घकालीन हित र लोकतान्त्रिक स्थायित्वलाई प्राथमिकता दिनुपर्छ भने समाजमा नागरिक संस्कार सहिष्णुता, बहस, र उत्तरदायित्वको संस्कृति बलियो बनाउनु आवश्यक छ।

नेपाली समाज अहिले लोकतन्त्रीकरणको घुम्तीमा छ। अहिलेको गतिहीनतालाई सुधारतर्फ मोड्न सकियो भने ठिमाहा शासनबाट पूर्णलोकतन्त्रतर्फको यात्रा सम्भव छ। सानोतिनो नै पनि चुक भयो भने, यही अवस्थामै अड्किने जोखिम पनि उत्तिकै वास्तविकता हो। लोकतन्त्र संरचनामात्र नभएर निरन्तर अभ्यास पनि भएकाले यसको गुणस्तर सुधार्नु आजको आवश्यकता पनि हो। स्थिरतामात्र होइन सक्षम र विश्वसनीय लोकतन्त्रले मात्र भविष्य उन्नत हुनेछ।

# सिँचाइ दिवस : अझै कृषि योग्य जमिनमा सिँचाइको सुविधा पुर्‍याउन चुनौती

काठमाडौँ, २५ चैत्र। सिँचाइ दिवस तथा जलस्रोत तथा सिँचाइ विभागको स्थापना दिवस 'जलस्रोतको व्यवस्थित उपयोग, समृद्ध देश निर्माणमा सहयोग' भन्ने नाराका साथ विविध कार्यक्रम आयोजना गरी मनाइयो। तत्कालीन सरकारले २००९ सालमा नहर विभागको स्थापना गरेर कृषि जमिनमा सिँचाइको थालनी गरेको थियो। सोही अवसरको सन्दर्भलाई लिएर सरकारले सिँचाइ दिवस मनाउँदै आएको छ। सिँचाइको संस्थागत विकासका क्रममा नहर विभाग, सिँचाइ तथा खानेपानी विभाग, सिँचाइ तथा जलवायु विज्ञान विभाग हुँदै २०४४ सालमा सिँचाइ विभागमा रुपान्तरण भएको थियो।

विसं २०७२ मा नेपालको संविधान जारी भएपश्चात् सिँचाइ विभाग र जलउत्पन्न प्रकोप व्यवस्थापन विभाग खारेज गरेर २०७५ सालमा जलस्रोत तथा सिँचाइ विभागको स्थापना भएको थियो। नेपालको इतिहासमा पहिलोपटक सरकारीस्तरबाट १९७९ सालमा 'चन्द्र नहर'को निर्माण सुरुआत भएर १९८५ सालमा सम्पन्न भएको थियो। यसलाई नै पहिलो आधुनिक तथा सबैभन्दा पुरानो सिँचाइ प्रणाली मानिन्छ। तत्कालीन राणा प्रधानमन्त्री चन्द्रशम्शेर जवराको विशेष पहलमा बनेको सो नहरको प्राविधिक नेतृत्व (चिफ इन्जिनियर) शाही सेनाका महासेनानी डिल्लीजङ्ग थापाले गर्नुभएको थियो।

जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को आर्थिक एवं प्राविधिक सहयोगमार्फत हालै 'शताब्दी' पार गरेको सो नहरका ३२ प्रमुख संरचनाहरूको पुनर्निर्माण तथा सुदृढीकरणमा सम्पन्न भएको थियो। उदयपुरको त्रियुगा नदीलाई मुख्य पानीको स्रोत मानेर निर्माण गरिएको सो नहरबाट २८ किमी मूल नहर, ११ शाखा नहर तथा थप शाखा नहरमार्फत सप्तरी जिल्लाका १० हजार ५०० हेक्टर जमिनमा सिँचाइ उपलब्ध हुँदै आएको छ। यसबाट ३५ हजार घरपरिवारका किसान लाभान्वित हुँदै आएका जनाइएको छ।

पछिल्लो समय कृषियोग्य जमिनमा सिँचाइ सुविधाको पहुँचले गति लिँदै गएता पनि अझै १० लाख हेक्टर जमिनमा सिँचाइको पहुँच पुर्‍याउनुपर्ने देखिएको छ। जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक ई. मित्र बरालले भन्नुभयो, "कुल सिँचाइयोग्य क्षेत्र करिब २५ लाख ३६ हजार हेक्टरमध्ये हाल करिब१५ लाख ८७ हजार ९१० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार भइसकेको छ। सतह, भूमिगत, जलासय र लिफ्ट सिँचाइमार्फत सिँचाइ पुगेका क्षेत्रमा हेक्टर उत्पादन औसत रूपमा वृद्धि भएको छ।"

नेपालमा कृषियोग्य जमिनको क्षेत्रफल ३५ लाख ५७ हजार ७०० हेक्टर रहेको जनाइएको छ। उहाँले भन्नुभयो, "नेपालको अर्थतन्त्र मुख्यतया कृषिमा आधारित छ। करिब ६२ प्रतिशत जनसङ्ख्या प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि पेसामा संलग्न रहेका छन्। दिगो, भरपर्दो र प्रभावकारी सिँचाइ प्रणालीबिना कृषि आधुनिकीकरण, उत्पादन वृद्धि तथा खाद्य सुरक्षा सम्भव हुँदैन। यसैलाई ख्याल गर्दै कृषियोग्य जमिनमा सिँचाइको सुविधा पुर्‍याउन विभागले उच्च प्राथमिकताका साथ काम गरिहेको छ।"

**राष्ट्रिय गौरवका अयोजनाः प्रगति तीव्र**

पछिल्लो समय विभागअन्तर्गतका छवटा राष्ट्रिय गौरवका अयोजनाले गति लिएका छन्। ती आयोजनालाई समयसीमाभित्र सम्पन्न गर्न विभागले उच्च प्राथमिताका साथ लागिरहेको महानिर्देशक बरालले जानकारी दिनुभयो।

हाल विभागअन्तर्गत महाकाली सिँचाइ आयोजना (कञ्चनपुर), रानी जमरा कुलरिया सिँचाइ आयोजना (कैलाली), बबई सिँचाइ आयोजना (बर्दिया), भेरी बबई डाइभर्सन बहुउद्देशीय आयोजना (सुर्खेत), सिक्टा सिँचाइ आयोजना (बाँके) र सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना (सिन्धुली) छवटा राष्ट्रिय गौरवका अयोजना सञ्चालित छन्।

चालु आवमा विभागको अथक प्रयासपछि ती आयोजनामध्ये तीनवटाको कार्यप्रगति राम्रो रहेको जनाइएको छ। सिक्टा सिँचाइ आयोजना (बाँके)को हालसम्म सिँचाइ संरचना विस्तार भएको क्षेत्र २२ हजार ५०० हेक्टर पुगिसकेको छ। यो आयोजनाको सिँचाइ हुने क्षेत्रफल ४२ हजार ७६६ हेक्टर रहेको भने बबई सिँचाइ आयोजना (बर्दिया)को सिँचाइ संरचना विस्तार भएको क्षेत्र २७ हजार ३३० हेक्टर पुगिसकेको छ। यो आयोजनाको सिँचाइ हुने क्षेत्रफल ३६ हजार हेक्टर रहेको छ।

त्यसैगरी, रानी जमरा कुलरिया सिँचाइ आयोजना (कैलाली) सिँचाइ संरचना विस्तार भएको क्षेत्र १४ हजार ३०० हेक्टर पुगिसकेको छ। यो आयोजनाको सिँचाइ हुने क्षेत्रफल ३८ हजार ३०० हेक्टर रहेको भने महाकाली सिँचाइ आयोजना तेस्रो चरणको कामले पनि गति लिएको जनाइको छ। विभाग महानिर्देशक बरालले भन्नुभयो, "सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना र भेरी बबई डाइभर्सन बहुउद्देशीय आयोजना पनि अब गति लिन्छ।"

**तराई मधेस भूमिगत जल सिँचाइ कार्यक्रम**

विभागले तराई तथा भित्री मधेसका करिब तीन लाख १८ हजार हेक्टर जमिनमा भूमिगत सिँचाइमार्फत सिँचाइ सुविधा पुर्‍याउन तराई मधेस भूमिगत जल सिँचाइ कार्यक्रम पनि कार्यान्वयन गरिराखेको छ। ती कृषियोग्य जमिनमा भूमिगत सिँचाइ प्रणालीको विकास गरी कृषि उत्पादन र उत्पादकत्वको अभिवृद्धि, खाद्य सुरक्षाको सुनिश्चितता, भोकमरीको अन्त्य, रोजगारी सृजना गरी कुल गार्हस्थ्य उत्पादन वृद्धिमा योगदान पुर्‍याइ परिस्कृत र मर्यादित जीवनयापनको आधार तयार गर्ने कार्यक्रमको ध्येय रहेको विभागले जनाएको छ।

सो कार्यक्रम तराई मधेसका १९ जिल्लासहित भित्री मधेसका उदयपुर, मकवानपुर, सुर्खेत, चितवन र दाङसहित पहाडी जिल्ला इलाम र सिन्धुलीमा कार्यान्वयमा रहेको विभागले जनाएको छ। महानिर्देशक बरालले भन्नुभयो, "भूमिगत सिँचाइ प्रणाली सञ्चालनको आधारभूत प्राविधिक ज्ञानको अभावले गर्दा उपभोक्तालाई नियमित रूपमा सिँचाइ प्रणाली सञ्चालनमा समस्या सम्बोधन गर्ने प्रयासमा छौँ।" विभागले गत वर्षको वर्षात्का मुख्य समयमा पनि मधेस प्रदेश सुक्खा हुँदा आइलागेको समस्यालाई तत्काल सम्बोधन गर्न द्रुतगतिबाट काम गरेको थियो। धानबाली जोगाउन भूमिगत जल सिँचाइलाई निरन्तरता दिने प्रयास गरेको थियो।

सरकारले गत साउन ६ गते मधेस प्रदेशलाई तीन महिनाका लागि सुक्खा विपद् क्षेत्र घोषणा गरेको थियो। खानेपानी, सिँचाइ तथा कृषिसम्बन्धी समस्याको पहिचान गरी समाधानका लागि कार्ययोजना पेस गर्ने सम्बन्धमा गठित कार्यदलको प्रतिवेदनका आधारमा विभागले भूमिगत जल सिँचाइसम्बन्धी तत्काल गर्नुपर्ने कार्य अगाडि बढाएको थियो।

**जलस्रोत संरक्षण**

विभागले एकीकृत नदी बेसिन सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दै आएको छ। कार्यक्रमले पच्चीस हजार हेक्टर जमिनमा सिँचाइ गरिने लक्ष्य राखेको छ। विभागले जलस्रोत संरक्षण, नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप व्यवस्थापनको कार्य योजनाबद्ध रूपमा गर्दै आएको छ। महानिर्देशक बरालले भन्नुभयो, "निर्माण सम्पन्न भएका सिँचाइ प्रणालीहरूमा नहर सञ्चालन एवं व्यवस्थापनको पनि कार्य गर्दै आएको छ।"

उहाँका अनुसार विभागले तटबन्ध निर्माण एक हजार ४७७ किमी, जग्गा उकास १३ हजार ६७१ हेक्टर र चेकड्याम ६३५ निर्माण सम्पन्न गरेको छ। महानिर्देशक बरालले भन्नुभयो, "जलस्रोत संरक्षण, नदी नियन्त्रण तथा जल उत्पन्न प्रकोप व्यवस्थापनमा काम गरिरहेको छ।"

# ४०० प्राध्यापकले गरेको अध्ययन बिदा दुरुपयोग : १९ जनाले गरे ६ करोड फिर्ता

**दिनेश गौतम**

काठमाडौँ, २५ चैत्र। त्रिभुवन विश्वविद्यालयमा अध्ययन बिदाको दुरुपयोग गर्ने १९ जना प्राध्यापकले रकम फिर्ता गरेका छन्। प्राध्यापकहरू अध्ययन बिदामा विदेश जाने र उतै लुक्ने गरेको तथ्य अनलाइनखबरमा २०८१ मंसिरमा प्रकाशित भएपछि त्रिविले २०८१ पुसमा त्रिविले छानबिन समिति बनाएको थियो।

समितिले ६ महिना त्रिविका सबै निकायमा पुगेर खोजबिन गर्दा ४०० जना प्राध्यापकले दुरुपयोग गरेको भेटिएको थियो। तीमध्ये हालसम्म १९ जनाले मात्र रकम फिर्ता गरेका छन्। 'रकम फिर्ता गर्न ४५ जनाको निवेदन आएको छ। १९ जनाले फिर्ता गर्नुभएको छ,' छानबिन समितिका संयोजक डा. जीवन काफ्लेले भने।

अध्ययन बिदामा गएर नफर्किएपछि १० प्रतिशत ब्याजसहित आफूले खाएको सबै रकम फिर्ता गर्नुपर्ने हुन्छ। धेरैजसो प्राध्यापकको खाएको तलबभन्दा ब्याज बढी भएपछि फिर्ता गर्न आनाकानी गरिरहेका छन्। यसमा के गर्ने भनेर त्रिवि पदाधिकारीले छलफल गरिरहेका छन्।

**कहिले सार्वजनिक हुन्छ छानबिन प्रतिवेदन ?**

छानबिन समितिका संयोजक काफ्लेकै संयोजकत्वमा नफर्किएका प्राध्यापकसँग सहजीकरण गरी रकम फिर्ता ल्याउन हेल्प डेस्क बनाइएको छ। यो समितिलाई असारसम्मको समय दिइएको छ। 'असारसम्म कतिले बुझाए, कतिले बुझाएनन् भनेर पूर्ण रिपोर्ट पेस गर्छौं,' उनले भने। यसअघि उनकै नेतृत्वमा बनेको छानबिन समितिको प्रतिवेदन २०८२ जेठमा त्रिविको पदाधिकारीलाई बुझाइएको छ। तर उक्त प्रतिवेदन सार्वजनिक भएको छैन। 'अझै भेरिफाइ गर्ने काम गरिरहेका छौं। संख्या थपिँदै छ,' त्रिविका रजिस्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले भने।

त्रिविले अध्ययन बिदाको दुरुपयोग गर्ने शिक्षक कर्मचारीबाट उठ्ने रकम निवृत्तिभरण कोष वृद्धिमा राख्ने निर्णय गरेको छ। आर्थिक वर्ष २०८२/८३ को बजेटमा त्रिविले उक्त रकम निवृत्तिभरण कोष

-बाँकी तीन पेजमा

## ४०० प्राध्यापकले...

वृद्धिमा राख्ने उल्लेख गरेको थियो । बजेटमा त्रिविले यो शीर्षकलाई आन्तरिक आम्दानीको स्रोतमा पनि राखेको छ। तर फिर्ता लिनुपर्ने रकम त्रिविले लिन सकेको छैन ।

**२ अर्ब बढी नोक्सानी**

अध्ययन बिदामा गएर प्राध्यापक नफर्किंदा त्रिविलाई २ देखि ३ अर्ब रुपैयाँ नोक्सानी भएको छ। त्रिविले विज्ञ शिक्षक उत्पादन गर्न तलबसहित दिएको अध्ययन बिदाको चरम दुरुपयोग भएको हो । अध्ययन बिदामा विदेश गएकामध्ये नफर्किनेको संख्या बढ्दा त्रिविले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी बेहोरिरहेको छ। त्रिविको शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५० मा ३ वर्षभन्दा बढी ५ वर्षसम्मको अध्ययन बिदा उपभोग गरेका शिक्षकले फर्केर कम्तीमा ५ वर्ष सेवा गर्नुपर्ने उल्लेख छ। यदि ३ वर्षको अध्ययन बिदा उपभोग गरेमा कम्तीमा ३ वर्ष विश्वविद्यालयको सेवामा रही काम गर्नुपर्ने नियम छ।

अध्ययन बिदा सकिएपछि शिक्षक नफर्किएमा बिदामा बस्दा त्रिविको ढुकुटीबाट खाइपाइ आएको तलब भत्तामा १० प्रतिशत ब्याजसहित फिर्ता गर्ने भनेर शिक्षक कर्मचारीले कबुलियतनामा पनि गरेका हुन्छन्। ५ वर्षसम्म त्रिविको तलब खाने र बिदा सकिएपछि अमेरिका, अस्ट्रेलिया, क्यानडा तथा युरोपका विभिन्न मुलुकमा बस्ने गरेको पाइएको छ। त्रिविका शिक्षक कर्मचारी नफर्किएमा वा अध्ययन पूरा गर्न नसकेमा बिदामा बस्दा खाएको तलब–भत्ता फिर्ता गर्ने भनी शिक्षकले कबुलियत गरेका हुन्छन्। खाइपाइ आएको तलब–भत्ता फिर्ता नगरेमा जायजेथाबाट असुल गर्नू भनी ३ जना साक्षी राखेर कबुलियतसमेत गरिएको हुन्छ। तर अध्ययन बिदामा गएका धेरै प्राध्यापकले कुनै पनि नियम पालना गर्दैनन्।

त्रिविको नियममा शिक्षक लगातार ९० दिनसम्म विनासूचना क्याम्पस वा कार्यालयमा अनुपस्थित रहेमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सकिने भनिएको छ। विदेशबाट राजीनामापत्र त्रिविमा पठाउने तर रकम भने फिर्ता गर्ने गरेका छैनन्। मानविकी तथा सामाजिकशास्त्र संकाय, विज्ञान तथा प्रविधि अध्ययन संस्थान र इन्जिनियरिङ अध्ययन संस्थानका धेरै प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेका छन्। ३९८ जना प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेकोमा मानविकी तथा सामाजिकशास्त्र संकायमा ११४ जना, विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा १०६ जना र इन्जिनियरिङ अध्ययन संस्थानमा ९९ जना छन्।

त्यसैगरी, वन विज्ञान अध्ययन संस्थानमा २८ जना, कृषि र पशु विज्ञान अध्ययन संस्थानमा १३ जना, चिकित्साशास्त्र अध्ययन संस्थानमा ९ जना, शिक्षाशास्त्र संकायमा ९ जना, व्यवस्थापन संकायमा १९ जना र कानुन संकायमा १ जना प्राध्यापक रहेका छन्। छानबिन समितिले तयार पारेको प्रतिवेदनमा नफर्किएका १९१ जना र बिदा लिएर अध्ययन पूरा नगर्नेमा २०७ जना गरी ३९८ जना प्राध्यापक छन्। त्रिवि स्रोतका अनुसार अध्ययनका क्रममा ४०० जना भेटिए पनि २ जनाको नाम पछि झिकिएको छ।

**प्रधानमन्त्री बालेन र शिक्षामन्त्री पोखरेलको चासो**

अध्ययन बिदाको दुरुपयोगका विषयमा प्रधानमन्त्री बालेन शाह र शिक्षामन्त्री सस्मित पोखरेलले चासोका साथ अध्ययन गरिरहेका छन्। प्रधानमन्त्री बालेन र शिक्षामन्त्री पोखरेलको सचिवालयले छानबिन समितिका संयोजक डा. काफ्लेसँग छलफल गरेका छन्। 'प्रधानमन्त्री र शिक्षामन्त्रीको सचिवालयसँग मेरो छलफल भएको हो। उहाँहरूले कहाँ जटिलता भएको हो, त्यहाँ सहयोग गर्छौं भन्नुभएको छ,' काफ्ले भने। उनले असारसम्म सबै रिपोर्ट बुझाउने प्रधानमन्त्री र मन्त्रीको सचिवालयलाई भनेका छन्।

# कमसल निर्माण : उप्कियो गौर–गंगापिपरा–फुलबरिया सडक

**प्रवीण कुमार शर्मा**



रौतहट, २५ चैत्र। रौतहटको गौर–गंगापिपरा–फुलबरिया सडक कालोपत्रे निर्माण कार्य सम्पन्न नहुँदै भत्किन थालेको छ। जिल्लाको महत्त्वपूर्ण योजनाका रूपमा रहेको गौर नगरपालिका–८ स्थित हनुमान मन्दिरदेखि माधवनारायण नगरपालिका–७ कुशवाहा चोकसम्मको १२ किलोमिटर सडकखण्डमध्ये कालोपत्रे गरिएको अधिकांश भागमा भत्किने, भासिने, उप्किने तथा ठाउँ–ठाउँमा चिरा पर्ने समस्या देखिएको छ।

निर्माण कम्पनीले कम गुणस्तरको काम गरेकाले कालोपत्रे गरेको पाँच महिना नबित्दै सडक भत्किएको, भासिएको, केही ठाउँमा उप्किएको र चिरा परेको स्थानीय दुर्गा भगवती–२ भलोहियाका रामचन्द्र दासले बताउनुभयो। निर्माण सम्पन्न नहुँदै ठाउँ–ठाउँमा सडक भत्किन थालेपछि गुणस्तरीय निर्माणका लागि आफूहरूले पटक–पटक माग गर्दै आएको दुर्गा भगवती–३ का वडा अध्यक्ष धर्मेन्द्रकुमार झाले बताउनुभयो।

जिल्लामा सबैभन्दा बढी ओहोरदोहोर हुने सडकका रूपमा रहेको गौर–गंगापिपरा सडक कमसल निर्माणका कारण कालोपत्रे गरेको केही दिनमै भत्किन सुरु भएको दुर्गा भगवती–४ का राजीव मिश्रले बताउनुभयो। उहाँले भन्नुभयो, "सधैं धुलाम्मे र हिलाम्मे हुने सडक कालोपत्रे हुँदा खुसी भएका थियौँ, तर महिना दिनमै ठाउँ–ठाउँमा उप्किन र भासिन थाल्यो।"

उक्त सडकखण्ड कालोपत्रेका लागि साह निर्माण सेवा, मलंगवा (सर्लाही) सँग सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले २०७९ असार १७ गते सम्झौता गरेको थियो। १२ किलोमिटर सडक कालोपत्रेका लागि २० करोड ५० लाख ८६ हजार रुपियाँमा सम्झौता भए पनि निर्माण कम्पनीले भेरिएसनका लागि निवेदन दिएपछि कार्यालयले भेरिएसन स्वीकृत गरेको थियो। भेरिएसन सदरपछि उक्त सडकका लागि ठेकेदारले २३ करोड ५ लाख ४३ हजार रुपियाँ पाउने सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ।

निर्माण कम्पनीले कालोपत्रे गरेको केही स्थानमा सडक भत्किएको र भासिएको कुरा स्वीकार गर्दै सडक डिभिजन कार्यालय चन्द्रनिगाहपुरका सूचना अधिकारी संजयकुमार यादवले निर्माण कम्पनीले सबै काम सम्पन्न गरी हस्तान्तरण नगर्दासम्म बीचमा आउने समस्या समाधान गर्न लगाइने बताउनुभयो। काम सम्पन्न भएको १३ महिनासम्म सडक भत्किने वा भासिने समस्या देखिएमा त्यसको सम्पूर्ण मर्मतसम्भार निर्माण कम्पनीले नै गर्नुपर्ने उहाँको भनाइ छ।

कालोपत्रे गरिएको स्थानमध्ये पचरुखी चोकदेखि कछुअवा पुलसम्मका केही ठाउँमा मर्मत कार्य जारी रहेको उहाँले बताउनुभयो। निर्माणाधीन सडक भत्किएको र भासिएको स्थानमा अनुगमन गरी सम्झौताअनुसार गुणस्तरीय कालोपत्रे गर्न निर्माण कम्पनीलाई निर्देशन दिइएको उहाँले जानकारी दिनुभयो। वर्षौंदेखि साँघुरो र कच्ची सडक रहेको तथा हाल चौडा गरेर कालोपत्रे गरिएकाले केही स्थानमा उप्किने समस्या देखिएको उहाँको भनाइ छ।

१० मिटर चौडाइ रहेको उक्त सडकको हालसम्म भौतिक प्रगति ८५ प्रतिशत पुगेको सूचना अधिकारी यादवले बताउनुभयो। ठेक्काको म्याद २०८२ चैत मसान्तसम्म रहेको उहाँले जानकारी दिनुभयो।

# मुहार फेर्दै बन्द हुने अवस्थामा पुगेका सामुदायिक विद्यालय

**शारदा पोखरेल**

बारा, २५ चैत्र। जीर्ण विद्यालय भवन, भत्किएको शौचालय, शिक्षक अभाव र न्यून विद्यार्थी संख्या जितपुरसिमरा उपमहानगर–१५ स्थित श्री जनकल्याण आधारभूत विद्यालयको तत्कालीन अवस्था हो यो। तर समस्याग्रस्त र झन्डै बन्द हुने अवस्थामा पुगेको ग्रामीण भेगको यो सामुदायिक विद्यालयले अहिले भने मुहार फेरेको छ। विद्यालयका प्रधानाध्यापक (प्रअ) गोकुल कुँवरले पूर्वविद्यार्थी, विद्यालय व्यवस्थापन समिति, शिक्षक, समाजसेवी, स्थानीय संघसंस्था तथा अभिभावकहरूलाई समेटेर 'हाम्रो विद्यालय हामी आफैं बनाऔँ' अभियान सञ्चालन गरेपछि यो विद्यालयले नयाँ जीवन पाएको हो।

दुई वर्षअघि ३५ देखि ४० जना मात्रै विद्यार्थी भएको उक्त सामुदायिक विद्यालयमा अहिले १३१ जना विद्यार्थी अध्ययन गर्छन्। साथै, व्यवस्थित पुस्तकालय, चिटिक्क परेको बालविकास कक्षाकोठा, विज्ञान प्रयोगशाला र पर्याप्त खेलसामग्री समेत उपलब्ध छन्। विद्यालयमा भौतिक रूपमा सुधार हुँदै गएपछि अहिले संस्थागत (निजी) विद्यालयमा पठनपाठन गर्ने अभिभावक, शिक्षक, व्यवस्थापन समिति र कर्मचारीका छोराछोरीहरू समेत यही सामुदायिक विद्यालयमा अध्ययन गर्छन्। पछिल्लो समय विद्यालयको नतिजासमेत उत्कृष्ट आएको उपमहानगरको तथ्यांकले देखाएको छ।

विद्यालयको शैक्षिक सुधारका लागि बिहानदेखि साँझसम्म खटे पनि परीक्षा नतिजाले सबै दुःख बिर्साउने प्रअ कुँवर बताउँछन्। 'कक्षा ८ को नतिजा आएपछि सबै दुःख बिर्सन्छु,' उनले भने, 'विद्यार्थी राम्रो बने भने त्यही नै खुसी लाग्छ मलाई त।' कुँवरले प्रअको जिम्मेवारी सम्हालेपछि उक्त विद्यालयले उपमहानगरले लिँदै आएको कक्षा ८ को परीक्षामा शतप्रतिशत विद्यार्थीले 'ए लेभल' को नतिजा ल्याएका छन्।

साथै, नयाँ शैक्षिक सत्र सुरु हुनै लाग्दा कक्षाकोठा अभावले ठुलो समस्या हुने देखेपछि प्रअ कुँवरले सामाजिक सञ्जालमार्फत देश/विदेशमा रहेका पूर्वविद्यार्थीहरूमार्फत सहयोग जुटाएर संरचना निर्माण गरेका छन्। उक्त विद्यालयका लागि उपमहानगरले गत वर्ष ६२ लाख रुपैयाँ लागतमा दुईतले नयाँ विद्यालय भवन निर्माणको ठेक्का लगाएको थियो। तर, ठेकेदार कम्पनी एन.एन. कन्स्ट्रक्सन, वीरगन्जले 'रनिङ बिल' को भुक्तानी नपाएको भन्दै काम अलपत्र छोडेर हिँडेपछि विद्यालय भवन अलपत्र परेको हो।

'ठेकेदारले निर्माणाधीन भवन अलपत्र छोडेपछि हामीले पूर्वविद्यार्थीहरूबिच सामाजिक सञ्जालबाटै अभियान चलाएर नयाँ कक्षाकोठा बनाइरहेका छौँ,' प्रअ कुँवरले भने, 'सामुदायिक विद्यालयप्रति अभिभावकहरू सचेत भए पनि अझै विश्वास जागिसकेको छैन, जगाउनुपर्ने हाम्रो दायित्व हो।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हरिकृष्ण केसीले विद्यालय सुधार हुनुमा प्रअकै भूमिका महत्त्वपूर्ण रहेको बताउँछन्।

'हाम्रो सामुदायिक विद्यालय अहिले धेरै राम्रो भएको छ, यसमा प्रमुख भूमिका प्रअकै छ। उहाँ बिहानदेखि बेलुकासम्म विद्यालयमै खट्नुहुन्छ,' व्यवस्थापन समिति अध्यक्ष केसीले भने, 'हामी भनेको त यसो बाहिरबाट हेर्ने मात्रै हो। उहाँले नै सबै शिक्षकहरूलाई कडाइका साथ खटाउनुहुन्छ।' सुदूरपश्चिम, अछाम घर भएका कुँवर यसअघि सोही विद्यालयका शिक्षक थिए। दुई वर्षअघि उपमहानगरले उनलाई प्रअको जिम्मेवारी दिएको हो।

उपमहानगरले शिक्षामा सुधारको नीति लिएपछि विगतमा घटुवामा परेका समस्याग्रस्त केही आधारभूत विद्यालयहरू धेरै सुधार भएको तथ्यांकले देखाएको छ। तीन वर्षअघि घटुवामा परेको (कक्षा ८ बाट कक्षा ५ मा झरेको) जितपुरसिमरा–२ स्थित श्री सरस्वती आधारभूत विद्यालय पनि अहिले नमुना बन्दै गएको छ। उक्त विद्यालयमा भर्ना रजिस्टरमा संख्या उल्लेख्य देखिए पनि नियमित ४० देखि ४५ जना विद्यार्थी मात्रै उपस्थित हुने गर्दथे।

तर, पछिल्लो समय शैक्षिक गतिविधि, खेलकुदलगायत अतिरिक्त क्रियाकलाप, व्यवस्थित बालविकास कक्षाकोठा, आकर्षक विद्यालय पोशाक, व्यवस्थित दिवा खाजाका कारण विद्यार्थी संख्या बढ्दै गएको प्रअ रुद्रप्रसाद ढकाल बताउँछन्। 'एकपटक घटुवा भएको विद्यालयलाई अभिभावकले पटक्कै विश्वास नगर्ने रहेछन्, फेरि पुरानै अवस्थामा फर्काउन धेरै ठूलो मेहनत गर्नुपर्दो रहेछ,' प्रअ ढकालले भने, 'हाम्रो स्थानीय अभिभावकले अझै विश्वास गर्नुभएको छैन।'

उपमहानगरको सहरी क्षेत्रका सामुदायिक विद्यालयहरूमा औद्योगिक करिडोरका मजदुर, दैनिक गुजारा चलाउन धौ–धौ पर्ने न्यून आय भएका, अटिजम तथा शारीरिक रूपमा अपांग बालबालिका धेरै छन्।

–बाँकी अन्तिम पेजमा

## लक्ष्मीनारायण ..

दुरुपयोगसम्बन्धी विषयमा धनुषामा अनुसन्धान भइरहेको छ। मुद्दाको प्रकृति गम्भीर रहेकाले आवश्यक प्रमाण संकलन, बयान तथा वित्तीय अभिलेख परीक्षणको काम अघि बढाइएको धनुषा प्रहरीले जनाएको छ। यसअघि पनि महन्थ वैष्णव आर्थिक अनियमितता आरोपमा पक्राउ परेर सजाय भोगिसकेका छन्। रुपन्देहीस्थित मेगा बैंक शाखाबाट ७० लाख कीर्ते गरी झिकेको आरोप छ।

महन्थ वैष्णवको नाममा रुपन्देहीस्थित मेगा बैंकको खातामा रहेको ७० लाख मौज्दात भएको खाता सरकारले रोक्का राखेको छ। धनुषाका सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षर कीर्ते गरी खाताबाट रकम झिकेको पनि आरोप लागेको थियो। त्यस्तै, रुपन्देहीमा रहेको मटिहानी स्थानको रामजानकी कुट्टीको जग्गा बिक्री गरेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग सहितका अन्य निकायमा उजुरी परेको छ।

## गोलबजार मेयर ...

प्राप्त गर्नेछ भने उपविजेताले नगद रु. २ लाख २२ हजार २२२ सहित ट्रफी हात पार्नेछ। साथै 'म्यान अफ द म्याच', 'उत्कृष्ट खेलाडी' लगायत विभिन्न विधामा पनि आकर्षक पुरस्कारको व्यवस्था गरिएको आयोजकले जनाएको छ।

## थोरै तर इमान्दार.....

सुधारका विषयमा गम्भीर छलफल गरिने जानकारी दिनुभयो। प्रतिनिधि सभा निर्वाचनको परिणामको समीक्षा आवश्यक रहेको उल्लेख गर्दै सभापति थापाले वर्तमान परिस्थिति जस्तो स्थिति कांग्रेसको इतिहासको पानाा पनि कतै नभेटिएको उल्लेख गनुहुँदै उहाँले धेरै कुरा सुन्ने र सिक्नुपर्ने अवस्था आएको जिकीर गर्नुभयो।

उहाँले कांग्रेसलाई जनतासँग अझ नजिक बनाउँदै विश्वास जित्ने दिशामा अगाडि बढ्ने समेत धारणा राख्नुभयो। कांग्रेस सहमहामन्त्री फरमुल्ला मन्सुरको अध्यक्षतामा आयोजित समिक्षा कार्यक्रममा कांग्रेस मधेश प्रदेश सभापति तथा मुख्यमन्त्री कृष्णप्रसाद यादवले निर्वाचन लोकतन्त्रका लागि भएको भन्दै कार्यकर्तालाई निराश नहुन आग्रह गर्नुभयो। "मधेशका जनता अझै उपेक्षित छन्, तर मधेश कांग्रेसको गढ हो," उहाँले भन्नुभयो।

कार्यक्रममा कांग्रेस उपसभापति पुष्पा भुसाल, महामन्त्री गुरुराज घिमिरे, सहमहामन्त्रीहरू डिला संग्रौला, मुक्ता यादवलगायत प्रदेशका आठै जिल्लाबाट आएका सभापति, नेता तथा कार्यकर्ताहरूको उल्लेख्य सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो।

# राजविराज बजारकै सरकारी जग्गाको अतिक्रमण हटाउन आलटाल



राजविराज, २५ चैत्र। जनप्रतिनिधिले सप्तरीको राजविराज बजारकै सरकारी जग्गाको अतिक्रमण हटाउन आलटाल गरिरहेको पाइएको छ। कोष तथा लेखा नियन्त्रक कार्यालय ( कोलेनिका)सप्तरीले गत पुस ३० मा पत्राचार गर्दै आफ्नो नामका भएको जग्गामा अतिक्रमण गरेर बनाएका घरटहरा हटाएर खाली गराइदिन नगरपालिकालाई आग्रह गरेको छ। तर, नगरपालिकाले अझैसम्म घरटहरा हटाउन पहल गरेको छैन।

जग्गाधनी स्रेस्ता अनुसार राजविराज नगरपालिका साविक वडा नम्बर ७ (हाल ६) को कित्ता नम्बर ९० मा ६ कट्ठा ६ धुर जग्गा कालेनिकाको नाममा छ। तर, नगरपालिकाले २०५४ फागुन ११ मा सोही जग्गामध्ये दक्षितर्फबाट २ कट्ठा १४ धुर जग्गा स्थानीय जगदीश झालाई घरनक्सा पास गरिएको थियो। नगरपालिकाले प्लट नम्बर १५ (चलानी नम्बर १४९३ को पत्रअनुसार) उल्लेख गरिएको त्यस जग्गाको विषयमा तत्कालीन भ्रष्टाचार नियन्त्रण शाही आयोगले छानबिन गरी ती सरकारी सम्पत्तिको संरक्षण गर्न नगरपालिकालाई पत्राचार गरेको थियो।

पछिल्लो पटक अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पनि उक्त सरकारी जग्गामा रहेका घरटहरा हटाउन र अतिक्रमण खाली गर्न पत्राचार गरेपछि गत मंसिर २२ मा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा बसेको बैठकबाट निर्णय भएको थियो। उक्त निर्णय भएको ४ महिना भइसक्दा पनि जनप्रतिनिधिको आलटाल कायमै छ। प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले अतिक्रमण हटाउने स्थानीय सरकारको दायित्व रहेकोले ती जग्गा खाली गराउने विषयमा निर्णय गरेर नगरपालिकालाई दिइसकेको बताए। 'आयोगबाट पनि छानबिनपछि ती जग्गाको अतिक्रमण हटाउन र सरकारी सम्पत्ति संरक्षण गर्न भनिसकेकोले अतिक्रमण हटाउनुपर्छ। हामी सुरक्षा दिन तयार छौं,' उनले भने, 'नगरपालिकाले अतिक्रमण नहटाए हामीले हटाउँछौं।'

नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविनले अतिक्रमित सरकारी जग्गा खाली गराउने विषयमा तयारी भइरहेको बताइन्। 'त्यहाँ अलि ठूलो संरचना छ। अरुतिरका साना–साना काम सकाएर ती जग्गा खाली गराउने तयारी छ,' उनले भनिन्, 'खाली गराउन डेढ दुई महिना जति लाग्नसक्छ।' सरकारी जग्गामा घर बनाएका जगदीशका छोरा उज्वल झाले विसं २००४ देखि नै जग्गाको बिटौरी शूल्क तिर्दै आएको बताए।

# गण्डक नहर सरसफाइ अभियान तीव्र गतिमा



पर्सा, २५ चैत्र। नारायणी सिँचाइ व्यवस्थापन कार्यालयले गण्डक नहरमा थुप्रिएको बालुवा, माटो तथा झारपात हटाउँदै सरसफाइ अभियानलाई तीव्र गतिमा अघि बढाएको छ। चालु आर्थिक वर्षमा कार्यालयले मुख्य नहरतर्फ पर्सामा छ किलोमिटर र बारामा पाँच किलोमिटर सरसफाइ तथा मर्मतसम्भार थालेको छ।

कार्यालयका प्रमुख मनोजप्रसाद पटेलका अनुसार नहरमा माटोसहितको गेग्र्यान थुप्रिँदै जाँदा नहरको आकार खुम्चिँदै गएको थियो। "मुख्य नहरमा कार्यालयकै उपकरण र जनशक्ति परिचालन गरेर सरसफाइ गरेका छौं," उनले भने, " नहर वरपर स्थानीयले गरेको अतिक्रमणका कारण निकालिएको फोहोर व्यवस्थापनमा चुनौती थपिएको छ।" नहर आसपासको जग्गा अतिक्रमण हुँदा नहरबाट निकालिने माटो, बालुवा र झारपात व्यवस्थापन गर्न कठिनाइ भएको छ। "स्थानीयले नहर किनारमा घरटहरा, माछापोखरीलगायत संरचना निर्माण गर्दा सरसफाइपछि निस्कने वस्तु व्यवस्थापनमा समस्या भइरहेको छ," उनले भने।

गण्डक नहरको करिब २५ देखि ३० स्थानमा अतिक्रमणका समस्या देखिएको र त्यसको समाधानका लागि स्थानीय प्रशासन समन्वय भइरहेको उनले जानकारी दिए। शाखा नहरतर्फ पाँच खण्डमा विभाजन गरी ७५ किलोमिटर सरसफाइका लागि ठेक्का प्रक्रिया अघि बढाइएको छ। प्रत्येक खण्डमा १५ किलोमिटरका दरले काम गर्ने गरी करिब ४५ लाख रुपैयाँमा ठेक्का स्वीकृत भएको छ। गण्डक नहर संरचना ५० वर्ष पुरानो भएकाले नियमित मर्मतसम्भार आवश्यक रहेको उनले बताए।

नेपाल र भारतबीच सन् १९५६ डिसेम्बर ४ मा गण्डक सिँचाइ तथा जलविद्युत् आयोजना सम्बन्धी सम्झौता भएको थियो। सोही सम्झौताअनुसार भारत सरकारले नारायणी नदीमा 'ब्यारेज' निर्माण गरेको हो। यहाँबाट मुलुकको २८ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको छ।

## *मुहार फेर्दै बन्द...*

अभिभावक सचेत नहुँदा सामुदायिक विद्यालयका विद्यार्थीहरू नियमित कक्षाकोठामा उपस्थित नहुने, सरसफाइमा ध्यान नदिने, गृहकार्य नगर्ने लगायतका समस्या धेरै छन्।

'अतिरिक्त क्रियाकलापसँगै पुस्तकालय, कम्प्युटर ल्याब, अभिभावक भेला राख्न थालेपछि उहाँहरूले चासो राखेर अहिले हामीलाई हौसला दिन थाल्नुभयो,' ढकालले भने, 'सामुदायिक विद्यालयमा पढाइ हुँदैन भन्ने धेरै अभिभावकको धारणामा विस्तारै परिवर्तन गर्न खोज्दै छौं।' जितपुरसिमरा उपमहानगरभित्र ६० वटा सामुदायिक विद्यालय छन् जहाँ १६ हजार ७ सय ४८ जना विद्यार्थीहरू अध्ययन गर्छन् भने ४३३ जना शिक्षक छन्।

अधिकांश सामुदायिक विद्यालयमा विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान हुन नसक्दा न्यून विद्यार्थी भएका विद्यालयहरूमा शिक्षक संख्या अधिक छ भने अधिक शिक्षक दरबन्दी भएका विद्यालयहरूमा विद्यार्थी संख्या न्यून छ। विद्यालय प्रअ ढकाल समस्याग्रस्त विद्यालयहरू सुधारका लागि नगरले छुट्टै योजना ल्याउनुपर्ने बताउँछन्। उपमहानगर शिक्षा शाखाका अधिकृत हरिष प्रसाद भट्टले आधारभूत तहका केही विद्यालयहरू भौतिक र शैक्षिक रूपमा सुधार हुँदै गए पनि माध्यमिक तहका विद्यालयहरू कमजोर रहेको टिप्पणी गर्छन्।

'जनशक्ति अभावका कारण हामी पालिकाभित्रको धेरै प्रशासनिक काममा अल्झनुपरेको छ, विद्यार्थी र अभिभावकहरूसँग साक्षात्कार गर्न पाएका छैनौँ,' भट्टले भने, 'हाम्रा विद्यालयहरू शैक्षिक रूपमा सुधार हुँदै गएका छन् तर भौतिक रूपमा प्रचण्ड गर्मीमा जस्तामुनि बस्नुपर्ने बाध्यता छ, संघीय सरकारले छुट्याएका बजेट आउँदैनन्।' उपमहानगरले पालिकाभित्र रहेका पर्यटकीय, धार्मिक तथा सांस्कृतिक स्थलहरू चिनाउन स्थानीय पाठ्यक्रम निर्माण गरेर सामुदायिक तथा संस्थागत विद्यालयको प्राथमिक तहसम्म निःशुल्क वितरण गरेको छ।

पालिकाले कक्षा ५ सम्म अध्ययन गर्ने सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई बर्सेनि निःशुल्क पोसाक प्रदान गर्दै आएको छ। निःशुल्क शिक्षा, दिवा खाजा, पोसाक, पर्याप्त खेलसामग्री, व्यवस्थित बालविकास कक्षाकोठालगायत कारण सामुदायिक विद्यालयमा विद्यार्थी संख्या विस्तारै बढ्दै गए पनि गुणस्तरीय शैक्षिक नतिजा भने आउन सकेको छैन।

**छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।**

# पक्राउ पुर्जीपछि देउवाले भने 'मेरो परिवारका सम्पत्तिसम्बन्धी भ्रामक र झुटा प्रचारबाजी भयो'

काठमाडौं, २५ चैत्र। पूर्वप्रधानमन्त्री तथा कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाले आफ्नो परिवारका बारेमा सम्पत्तिसम्बन्धी विषयमा भ्रामक र झुटा प्रचारबाजी भएको दाबी गरेका छन्। बुधबार साँझ सामाजिक सञ्जाल फेसबुकबाट उनले यस्तो धारणा सार्वजनिक गरेका हुन्। 'म र मेरो परिवारका बारेमा सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान सुरु गरिएको भन्ने जानकारी संचारमाध्यमबाट थाह पाएँ,' उनले लेखेका छन्, 'म र मेरो परिवारका बारेमा सम्पत्तिसम्बन्धी विषयमा भ्रामक र झुटा प्रचारबाजी भएको जानकारी गराउन चाहन्छु।'

पूर्वप्रधानमन्त्री देउवा र उनकी पत्नी आरजु राणाबिरुद्ध काठमाडौं जिल्ला अदालतले मंगलबार मात्रै सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान विभागको पत्रका आधारमा पक्राउ पुर्जी जारी गरेको छ। योसँगै देउवा दम्पतीलाई फरार सूचीमा राखिएको छ। देउवा दम्पतीविरुद्ध सम्पत्ति शुद्धीकरणका विषयमा छानबिन भइरहेको थियो। यही पृष्ठभूमिमा देउवाले आफ्नो भनाई सामाजिक संजालमार्फत सार्वजिनक गरेका हुन्। जसमा उनले आफू स्वास्थ्य उपचारका क्रममा विदेशमा रहेको खुलाए पनि र देशको नाम खुलाइएका छैनन्।

गृह स्रोतका अनुसार रेड नोटिस जारी गर्नकै लागि देउवा दम्पतीविरुद्ध पक्राउ पुर्जी जारी गरिएको हो। विदेशमा रहेका व्यक्तिलाई पक्राउ गरी नेपाल ल्याउन इन्टरपोलमार्फत रेड नोटिस जारी गरिन्छ। त्यसको पहिलो औपचारिक कदम पक्राउ पुर्जीबाट जारी सुरु हुन्छ। फेसबुकमा देउवाले आफू सार्वजनिक पदमा रहँदा सम्पत्तिको यथार्थ विवरण सम्बन्धित सरकारी निकायमा पेस गरेको समेत जनाएका छन्। देशमा लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना, विधिको शासन, स्वतन्त्र न्यायापालिका, पारदर्शीतासँगै राज्यका अंगहरु स्वतन्त्र र सक्षम हुनुपर्दछ भन्ने मान्यताका लागि आफूले सिंगो जीवन संघर्षमै व्यथित गरेको भन्दै देउवाले आफ्नो जीवन एउटा खुला पुस्तकका रुपमा रहेको बताएका छन्।

देउवाले वास्तविकता समयक्रमसँगै खुल्दै जाने उल्लेख गर्दै लेखेका छन्, 'स्वास्थ्य उपचारका निम्ति हाल हामी विदेशमा छौं र अझै उपचारको क्रम जारी रहेको जानकारी गराउन चाहन्छु। वास्तविकता समयक्रमसँगै खुल्दै जाने नै छ। अतिरञ्जना गरी सार्वजिनक भएका विवरणहरुबाट भ्रममा नपर्न सबैमा अपिल गर्दछु।'

# हरिपूर्वा नगरपालिका कार्यालयमा तालाबन्दी

**जनार्जन खत्री**

सर्लाही, २५ चैत्र। सर्लाहीको दक्षिण–पूर्वी भेगस्थित हरिपूर्वा नगरपालिकामा बुधबार युवाले तालाबन्दी गरेका छन्। सडक र नाला निर्माणको माग गर्दै हरिपूर्वा नगरपालिका–३, धनकौल पूर्वारी गाउँका युवाले नगरपालिका कार्यालयमा तालाबन्दी गरेका हुन्। आन्दोलित युवाका अगुवा उद्धवकुमार यादवले नगरपालिका कार्यालयले गाउँबस्ती छाडेर चौडीतर्फ बाटो र नाला निर्माण गरेको विरोधमा तालाबन्दी गरिएको जानकारी दिनुभयो। बस्ती भएको क्षेत्रलाई छाडेर चौडीतर्फ बाटो बनाइएकोबारे तीन साताअघि नगर प्रमुखलाई भेटेर निवेदन बुझाउँदासमेत कुनै सुनुवाइ नभएपछि बाध्य भएर नगरपालिका कार्यालयमा तालाबन्दी गरिएको यादवले बताउनुभयो।

उहाँले भन्नुभयो, "गाउँमा सडक छैन, तर चौडीतर्फ जाने सडक र नाला बनिरहेकाले त्यसको विरोधमा नगरपालिकामा आएर ताला लगाएका हौँ।" आफूहरूले ध्यानाकर्षण गराएपछि बस्तीतर्फ सडक बनाउन एक पटक डोजर लगाएर साइड क्लियर गर्ने काम भएको तर त्यसपछि भने बेवास्ता गरिएको आन्दोलित युवाको भनाइ छ। नगरपालिका र जनप्रतिनिधिको ध्यानाकर्षण गराउन तालाबन्दी गर्नुपरेको आन्दोलित युवाको भनाइ छ। हरिपूर्वा नगरपालिकाका प्रमुख विनोदकुमार साह तेलीले भने स्थानीयले सडकको अतिक्रमण हटाउन अटेरी गरेका कारण सडक बनाउन समस्या परेको गुनासो गर्नुभएको छ।

गत वर्ष नै धनकौल पूर्वारीमा सडक र नाला बनाउन ठेक्का लागे पनि स्थानीयले काम हुनै नदिएपछि दुई करोड रुपियाँ बजेट फ्रिज भएर गएको बताउनुभयो। ४० फिट चौडा सडक बनाउने गरी टेन्डर भएको तर स्थानीयले विरोध जनाएपछि ३३ फिटमा सहमति गरिएको तर सो सहमतिपछि पनि सडकको क्षेत्राधिकार खाली गराउनै नसकेको नगर प्रमुख साहको भनाइ छ। "युवाहरू सडक र नाला चाहियो भनेर त आउनु भयो, तर गाउँमा साइड क्लियर गराउन सकिएकै छैन" मेयर साहले भन्नुभयो, "काम गर्न नसके यो वर्ष पनि बजेट फ्रिज भएर जाने अवस्था आएको छ।"

# जिल्ला अस्पताल निरीक्षणमा स्वास्थ्यमन्त्री

सुनसरी, २५ चैत्र। स्वास्थ्य तथा जनसङ्ख्या तथा खानेपानी मन्त्री निशा मेहताले यहाँस्थित जिल्ला अस्पतालको निरीक्षण गरेर सेवा प्रवाहबारे जानकारी लिनुभएको छ। त्यस अवसरमा उहाँले सबैलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सरकार क्रियाशील रहेको बताउनुभयो। साथै मन्त्री मेहताले सेवा भावनाका साथ बिरामीको उपचार गर्न चिकित्सक एवं स्वास्थ्यकर्मीहरूलाई आग्रह गर्नुभयो। उहाँले सेवाग्राहीसँग पनि कुराकानी गर्नुभएको थियो।

आजै मन्त्री मेहताले इटहरीस्थित सामुदायिक स्वास्थ्य संस्था तथा धरानमा रहेको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको निरीक्षण गर्ने कार्यक्रम रहेको जनाइएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)